# महाशिला गाँउपालिका

# स्थानीय राजपत्र

## खण्ड ३, संख्या ५, आश्विन ०६गते, २०७७ साल

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४** को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी महाशिला गाँउसभाले देहायको ऐन जारी गरेको छ ।

# भाग २

## स्वयम्सेवक शिक्षक परीचालन तथा ब्यवस्थापन सम्बन्धि

## नियमावली, २०७७

**महाशिला विकास स्वयंसेवक परिचालन ऐन, २०७६** को दफा १३ ले दिएको अधिकार प्रयोग गरी यो महाशिला गाउँ कार्यपालिकाले यो **स्वयम्सेवक शिक्षक परीचालन तथा ब्यवस्थापन सम्बन्धि नियमावली, २०७७** जारी गरेको छ ।

# परिच्छेद १
# प्रारम्भिक
## संक्षिप्त नाम र परिभाषा

१. संक्षिप्त नाम र प्रारम्भ (१) यी नियमहरूको नाम "स्वयम्सेवक शिक्षक परीचालन तथा व्यवस्थापन सम्बन्धि नियमावली, २०७७" रहेकोछ ।

(२) यो नियमावली गाउँपालिका क्षेत्रभर लागु हुनेछ ।

(३) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा-

(क) "ऐन" भन्नाले महाशिला महाशिला विकास स्वयंसेवक परिचालन ऐन, २०७६ लाई ऐनलाई सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले गाउँकार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) "गाउँ " भन्नाले नेपालको संविधान बमोजिम गठन भएको गाउँपालिका सम्झनु पर्छ ।

(घ) "निरीक्षक" भन्नाले विद्यालय निरीक्षण गर्न तोकिएको अधिकृतलाई सम्झनु पर्छ ।

(ङ) "छनोट समिति" भन्नाले नियम .... बमोजिम गठन हुने परीक्षा संचालन तथा समन्वय समितिलाई सम्झनु पर्छ ।

(च) "प्रधानाध्यापक" भन्नाले सम्बन्धित विद्यालयको प्रधानाध्यापक सम्झनु पर्छ ।

(छ) "प्रमुख" भन्नाले गाउँपालिकाको अध्यक्ष र गाउँपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

(ज) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले गाउँको प्रमुख कार्यकारी अधिकृतलाई सम्झनु पर्छ ।

(झ) "पूर्वप्राथमिक शिक्षा " भन्नाले चार वर्ष उमेर पूरा भई पाँच बर्ष उमेर पूरा गाउँका बालबालिकाको लागि खोलिएको प्रारम्भिक बाल शिक्षा केन्द्र, नर्सरी, केजी, मन्टेसरी आदि सम्झनु पर्छ ।

(ञ) "व्यवस्थापन समिति" विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ट) "शिक्षा अधिकृत" भन्नाले गाउँपालिकाको शिक्षा शाखाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

(ठ) "शिक्षा शाखा" भन्नाले गाउँ र गाउँपालिकामा रहेको शिक्षा हेर्ने विभाग/शाखा वा ईकाईलाई सम्झनु पर्छ।

(ड) "शिक्षा समिति" भन्नाले गाँउ शिक्षा समिति सम्झनु पर्छ।

(ढ) "शैक्षिक सत्र" भन्नाले विद्यालयमा अध्ययन अध्यापन गराइने वार्षिक अवधि सम्झनु पर्छ।

## परिच्छेद – २

## स्वयम्सेवक शिक्षक परीचालनका उद्देश्य , क्षेत्र र आवस्यकता

३ .स्वयम्सेवक शिक्षक परिचालनका उद्देश्य तथा आधारहरु:

)क (शिक्षाको गुणस्तर बृद्धिमा टेवा पुर्याउन शिक्षाको जगको रुपमा रहेको पूर्वप्राथमिक शिक्षाको स्तरलाई मजबुत बनाउन,

)ख (समुदाय स्तरबाटै स्वयम्सेवी भावनाको प्रवर्द्धन गर्न ,

)ग (स्वयम्सेवक शिक्षक महाशिला गा.पा. भित्रका सामुदायिक विद्यालयहरु लगायत आवश्यकता अनुसार ऐनले ब्यवस्था गरेका क्षेत्रमा स्वयंसेवकका रुपमा परिचालन गरीनेछ ,

(घ) स्वयम्सेवक शिक्षक परीचालन र ब्यबस्थापन सम्वन्धि आवश्यक निणर्य स्वयमसेवक परिचालन समितिको परामर्शमा शिक्षा अधिकृतको सिफारीसमा शिक्षा समितिले गर्नेछ।

४. स्वयम्सेवक शिक्षक परीचालन सम्बन्धि गाँउ शिक्षा समितिले आवश्यकता अनुसार निर्णयहरु लिनेछ।

५. प्रत्येक शैक्षिक सत्रको समाप्ति पश्चात स्वयम्सेवक शिक्षकको परीचालन, आवस्यकता अनुसार करार सम्झौताको पुनरावलोकन र नियुक्तिका कार्यहरु ऐन बमोजिम गरीनेछ।

## परिच्छेद-३

## स्वयम् शिक्षक छनौटका प्रावधान

**६.** स्वयम् सेवक शिक्षकको रीक्त पदपुर्ति सम्वन्धि व्यवस्था

(क) स्वयम् सेवक शिक्षकको रीक्त पदपुर्ति गर्नुपर्ने आवश्यकताको प्रयोजनका लागि हरेक शैक्षिक सत्रकोशुरुवात पूर्व शिक्षा शाखाले आवस्यक ढाँचामा विज्ञापन गर्नेछ । यसरी एक शैक्षिक सत्रका लागि पदपुर्तिका अतिरिक्त प्रतिक्षा सुचि समेत प्रकाशन गर्नेछ ।

(ख) शैक्षिक सत्रको बीचमा कुनै कारणले पदपुर्ति गर्नु परेमा प्रतिक्षा सुचिका आधारमा सिफारिस गरीनेछ ।

(ग) पदपुर्ति गर्दा सम्वन्धित वडाका स्वयमसेवकहरुलाई प्राथमिकता दिनु पर्नेछ ।

७. स्वयम् सेवक शिक्षक छनौट समिति

नियम ६ वमोजिमको प्रयोजनका लागि देहाए बमोजिमको ५ सदस्य रहेको स्वयम् सेवक शिक्षक छनौट समिति रहनेछ ।

(क) प्रमुख प्रशाशकिय अधिकृत - अध्यक्ष

(ख) पालिकाको स्वयम्सेवक हेर्ने अधिकृत - सदस्य

(ग) परीक्षा सहजिकरण गर्ने विषय विज्ञ २ जना - सदस्य

(घ) शिक्षा अधिकृत - सदस्य सचिव

## परिच्छेद-४

## स्वयम् सेवक शिक्षकका काम तथा कर्तव्य

**८.** स्वयम्सेवक शिक्षक विद्यालय कामका शिलशिलामा प्रधानाध्यापक प्रति जवाफदेहि हुनुपर्नेछ । विद्यालय सेवाका अन्य काम,कर्तव्य तोकिए बमोजिम हुनेछन् ।

९. स्वयम्सेवक शिक्षकलाई विद्यालय समयका अलावा शैक्षिक गुणस्तर प्रवर्द्धनको प्रयोजनार्थ परीचालन गर्न सकिनेछ ।

१०. शिक्षा समितिको निर्णय बमोजिम स्वयम् शिक्षकलाइ सामुदायिक सिकाइ केन्द्र, साक्षरता शिक्षा, स्थानिय जनचेतनामुलक कार्यक्रम, तथ्याङ्क संकलन लगायतका काममा परीचालन गर्न सकिने छ ।

## परिच्छेद-५

## स्वयम्सेवक शिक्षकको बिदा, सेवा सुविधा तथा सर्तहरु सम्बन्धी व्यवस्था

११. स्वयम्सेवक शिक्षकले पाउने बिदा

(क) भैपरी आउने बिदा वर्षभरिमा छ दिन,

(ख) पर्व बिदा वर्षभरिमा छ दिन,

(बिदाहरु सञ्चित हुने छैन, बिदा अधिकार नभइ सहुलियत मात्र हो )

१२. स्वयम्सेवक शिक्षकको पाउने सेवा सुविधा

(क) स्वयम्सेवक शिक्षकको पाउने सेवा सुविधा तोकिए बमोजिम हुनेछ ।

(ख) कुनै कारणले विद्यालय लगातार १० दिन वा सो भन्दा वढि बन्द रहने अवस्था भएमा सो अवधिको सेवा सुविधा प्रदान गरीने छैन ।

१३. स्वयम् सेवक शिक्षकका सेवा सम्वन्धि सर्तहरु

(क) स्वयम् सेवक शिक्षकको करार सम्झौता सामान्यतया १ शैक्षिक सत्रको हुनेछ ।

(ख) काम सन्तोषजनक नभएमा वा आवस्यकता मनासिव नदेखिएमा शिक्षा अधिकृतको शिफारिसमा स्वयम सेवक परीचालन समितिले शैक्षिक सत्रको अन्त्यमा वा  जुनसुकै बेलामा नै करार सम्झौता रद्द गर्न सक्नेछ ।

(ग) आवस्यकता मनासिव देखिएमा शिक्षा अधिकृतको सिफारीसमा शिक्षा समितिले शैक्षिक सत्रको अन्त्यमा वा  जुनसुकै बेलामा स्वयम्सेवक शिक्षकको सरुवा गर्न सक्नेछ ।

## परिच्छेद-६
## विविध

१४. स्वयम् सेवक शिक्षक सम्वन्धि अन्य ब्यवस्था तोकिए बमोजिम हुनेछ ।

१५.यो नियमावली ऐनको प्रावधान तथा कार्यपालिकाको निर्णय बमोजिम संशोधन गर्न सकिनेछ ।

**आज्ञाले,**
**बुद्धिराम उपाध्याय**
**प्रमुख प्रशासकिय अधिकृत**